"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/०८४

चलानी नं. :-

मिति :-

**कृषक कल्याणकारी बचत कोष कार्यक्रममा सहभागि हुने सम्बन्धि सूचना ।**

**सूचना नं – १०**

**प्रथम पटक प्रकाशित मिति २०८३/०४/२०**

विहादी गाउँपालिका कृषि विकास शाखाको चालु आ.व.२०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषक कल्याणकारी बचत कोष कार्यक्रम रहेकोले,कृषक कल्याणकारी बचत कोष कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ बमोजिम १८ बर्ष पुरा भई ६५ बर्ष ननाघेका,नेपाल सरकारको कुनै पनि निकायमा स्थायी रुपमा रोजगारमा संलग्न नभएका,विहादी गाउँपालिकामा स्थायी रुपमा बसोबास गर्दै आइरहनुभएका र कृषि पेसालाई मुख्य पेशाको रुपमा अवलम्बन गर्दै आउनु भएका सम्पुर्ण कृषकहरुका लागि यस गाउँपालिकाले एक घर एक कृषक खाता संचालन गरि मासिक रु २५० का दरले र कृषकले रु ५०० का दरले मासिक प्रति घर प्रति किसानको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुदा कृषक कल्याणकारी बचत कोष कार्यविधि – २०७८ बमोजिम कार्यक्रममा सहभागि हुन सम्वन्धित वडामा गई आवश्यक प्रक्रिया पुरा गर्नुहुन यो सूचना प्रकाशन गरिन्छ ।

तपशिलः

| क्र.स | कार्यक्रम | कुल बजेट | कैफियत |
|---|---|---|---|
| १. | कृषक कल्याणकारी बचत कोष कार्यक्रम | २ लाख | |

संलग्न गर्नुपर्ने कागजातहरुः

१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि ।
३. मालपोत तिरेको रसिदको प्रतिलिपि ।
४. विधुत महसुल तिरेको रसिद वा खानेपानीको महशुल तिरेको रसिद ।
५. सम्वन्धित वडा कार्यालयको सिफारिस ।
६. पासपोर्ट साइजको फोटो २ प्रति ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत